NEPAL COLLEGE OF
INFORMATION TECHNOLOGY
*(AFFILIATED TO POKHARA UNIVERSITY)*

मिति :२०७७/१२/३१

# अपिल

## सम्पूर्ण विद्यार्थी तथा अभिभावकज्यूहरु ।

गत वर्ष २०७६ साल चैत्र देखि COVID-19 को कारणले सम्पूर्ण शैक्षिक क्षेत्र नै अस्तव्यस्त भई भरखर करीव दुई महिना अगाडि देखि मात्र भौतिक रुपमा पोखरा विश्वविद्यालयको परीक्षा लगायत अन्य शैक्षिक कृयाकलापहरु अगाडि वढीरहेको परिस्थिति सम्पूर्ण विद्यार्थी तथा अभिभावकज्यूहरुमा विदितै छ । त्यसै पनि COVID-19 को कारणले सम्पूर्ण शैक्षिक क्षेत्र लगायत समाजको सवै क्षेत्र अछुतो रहन सकेन । यस्तो विषम परिस्थितिका वावजुद कलेजले विद्यार्थीहरुको हितलाई मध्यनजर गरेर एन.सि.आई.टी. कलेजमा कृयाशिल विभिन्न जिम्मेवार राजनैतीक विद्यार्थी संगठनका प्रतिनिधिहरु वीच आपसि सहमतिमा सवै विद्यार्थीहरुलाई शुल्कमा २०७८ वैशाख ७ गते सम्म वुझाएमा १०% छुट गरिने व्यहोरा कलेजको मिति २०७७/१२/२६ गते प्रकाशित सूचना मार्फत नै जानकारी गराईएको व्यहोरा अनुरोध गर्दछौं ।

कलेजले विषम परिस्थितिमा पनि आफ्नो जिम्मेवारी वोध गरी विद्यार्थीहरु तथा अभिभावकहरुको भावनाको कदर गर्दै सक्दो प्रयास गर्दा गर्दै पनि केही सिमित विद्यार्थीहरुले भईरहेको शैक्षिक गतिविधिमा वाधा उत्पन्न गरेको घटना प्रति कलेजको गम्भीर ध्यान आकृष्ट भएको छ ।

कलेजमा भईरहेका नियमित शैक्षिक गतिविधिलाई असर गर्ने गरी कसैले पनि त्यसमा वाधा उत्पन्न नगरि दिनुहुन, अनावश्यक भिडभाड तथा गैर शैक्षिक गतिविधिमा नलागि दिनुहुन र कलेजमा नियमित भैरहेको शैक्षिक वातावरणलाई पुन सुचारु गर्न सहयोगको लागि सवैमा हार्दिक अनुरोध गर्दछौं ।

पुनश्च :

पोखरा विश्वविद्यालयले स्प्रिङ्ग सेमेष्टर २०२० अन्तरगत अन्तिम सेमेष्टरका विद्यार्थीहरुको लागि प्रकाशित गरेको परीक्षा तालिकालाई सुचारु गर्नको लागि आवश्यक वातावरण तयार गर्न सम्वन्धित सवैमा जिम्मेवारीका साथ प्रस्तुत भईदिनु हुन अनुरोध गर्दछौं ।

कलेज प्रशासन